# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७४/०७५
चलानी नं. :- ४५४

(छाप: दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३)

मिति :- २०७४/०७/२४

**विषय : संघ-संस्था दर्ता तथा नविकरण सम्बन्धमा ।**

**श्री १ देखि ९ नं. वडा कार्यालय,**
**दक्षिणकाली नगरपालिका ।**

उपर्युक्त सम्वन्धमा विगत देखि संघ-संस्था दर्ता तथा तथा नविकरणका लागि यस नगरपालिका/वडा कार्यालयको सिफारिसबाट जिल्ला प्रशासन कार्यालय, काठमाडौं र जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं मार्फत हुँदै आएकोमा जिल्ला प्रशासन कार्यालयको प.सं. २०७४/०७५ च.नं. ३८४ मिति २०७४/०६/२६ को पत्रबाट संस्था दर्ता तथा नविकरण देहाय बमोजिमको सिफारिसको आधारमा गर्ने भनी पत्राचार भएको हुँदा सोहि बमोजिम गर्नुहुन अनुरोध गरिन्छ । जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट पत्राचार भएको पत्र यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

**संस्था दर्ता तथा नविकरण सम्बन्धमा :**

१ संस्थाको केन्द्रीय कार्यालय रहने सम्बन्धित नगरपालिकाको सिफारिस लिई दर्ता गर्ने ।
२ संस्थाले जिल्ला भित्रका १ भन्दा बढी नगरपालिकामा कार्यक्रम संचालन हुने अवस्था रहेमा सबै भन्दा धेरै कार्यक्रम संचालन हुने नगरपालिकाको सिफारिसको आधारमा गर्ने ।
३ कुनै संस्थाको कुनै वर्ष केहि पनि कार्यक्रमहरु संचालन नै नभएको अवस्थामा केन्द्रीय कार्यालय रहेको नगरपालिकाको सिफारिसका आधारमा नविकरण गर्ने ।

..............
**सुशीला पौडेल (ढकाल)**
(प्रमुख प्रशासकीय अधिकृत)